# बजेट बक्तब्य २०७८/०७९

**आदरणीय सभाका सभाध्यक्ष ज्यू**

**तथा सभा सदस्य ज्यूहरु** **मिति २०७८।०३।१०**

आजको यस बिशेष समय र अवसरमा गरिमामय गाउँसभामा गाउँपालिकाको आ.व.२०७८।०७९ निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मैले आफुलाइ गौरवान्वीत र खुशि महशुस गरेको छु। यस घडिमा देश र जनता प्रति समर्पित लोकतन्त्र संघिय गणतन्त्र स्थापनाको लागि आफनो ज्यानको वलिदान दिने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। प्रजातन्त्र, लोकतन्त्र स्थापनाको लागि आन्दोलनमा अग्रसर भइ घाइते अपांग र वेपत्ता नागरीकहरु प्रति उच्च सम्मान गर्दै घाईते र अपांगको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। नेपालको संविधान २०७२ वाट प्रदत्त अधिकार लोकतन्त्रको आधारस्तम्भको रुपमा रहेको स्थानीय सरकार लोकतन्त्रको संस्थागत विकास समावेशी र दिगो विकासको आधारस्तम्भको रुपमा रहेको स्थानीय सरकार जनताप्रतिको जवाफदेहिता उत्तरदायित्व प्रति सदा सजग र संवेदनशिल रहेको छु।

जनताको सवैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकार नीति तथा कानुनको निर्माण त्यस्को कार्यान्वयन र योजना छनौट देखि कार्यान्वयन र मुल्यांकन र त्यसको दिगोपन समेतलाई मध्यनजर गरेर योजना छनौट तथा कार्यान्वयनमा गाउँपालिका सधैं तत्पर जवाफदेहि रहेको र सदा रहिरहने विश्वास दिलाउन चहान्छु।

**अब म यस सिम्ता गाउँपालिकाले आगामि आ.ब.२०७८/०७९ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था बारेमा प्रस्तुत गर्न चाहन्छु।**

- नेपालको संबिधान, २०७२ को धारा २३० को उपधारा (१) बमोजिम प्रत्येक आर्थिक बर्ष गाउँकार्यपालिकाले राजस्व र ब्यय (बजेट) को अनुमान स्थानिय कानुन बमोजिम गाउसभामा पेश गर्नु पर्ने ब्यबस्था रहेको छ सोही बमोजिम आज मिति २०७८ साल असार १० गते यस गरिमामय सभामा यस गाउँपालिकाले आर्थिक तथा बिनियोजन ऐन पेश भएको हो।
- स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) बमोजिम गाउँकार्यपालिकाको उपाध्यक्षले आगामि आर्थिक बर्षको राजश्व र ब्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र गाउँ सभामा पेश गर्ने कानुनी ब्यबस्था रहेको छ।
- अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (३) बमोजिम गाउँ कार्यपालिकाले प्रत्येक आ ब को अनुमानित आय-ब्ययको बिबरण गाउँ सभामा पेश गर्ने ब्यबस्था रहेको र यसैसंग मध्यकालि खर्च संरचना (MTEF) को बिबरण पनि पेश गर्नु पर्ने

चन्द्रकला शाही
उपाध्यक्ष

कानुनि ब्यबस्था भए पनि केही प्राबिधिक समस्याले हाल पेश गर्न नसकिएको भए पनि यस गाउँपालिकाको मध्यकालिन खर्च संरचना निर्माणको क्रममा रहेको छ ।

- संघिय सरकारका कानुनी आधारहरु, कार्णली प्रदेस सरकारको कानुनी आधारहरु तथा यस गाउँपालिकाबाट निर्माण भएका बिषयगत ऐन, नियमावली, कार्यबिधी, निर्देशिका लगाएत अन्य कानुनि माध्यमको सहायताबाट बजेट निर्माण गरिएको छ ।
- यस गाउँपालिकाका दिर्घकालिन लक्ष्य, उदेश्य, रणनिति, प्राथामिकता तथा सिद्धान्तहरु, संघीय सरकारका मार्ग निर्देशनहरु, कर्णालि प्रदेश सरकारका मार्ग निर्देशनहरु, यस गाउँपालिकाका बिकास आयोजनाका प्राथामिकताहरु, संघिय सरकार र प्रदेस सरकारका आवाधिक योजनाहरुका लक्ष्य, उदेश्य  र प्राथामिकताहरु तथा मापदण्ड, जनताका आवश्यकता र चहानाहरु, विश्व महामारिको रुपमा रहेको कोभिड-१९ का असरहरु,  बिज्ञका सल्लाह सुझाबहरु, दिगो बिकासका लक्ष्यहरु, लक्षित बर्ग संरक्षित कार्यक्रमहरु लगाएत सार्बजनिक हित कायम गर्ने संयन्त्रका आधारमा बजेट निर्माण गरेको छु ।
- स्थानिय सरकारले आफ्ना गतिबिधिहरु संबिधानको अनुसुची ८ मा उल्लेखित २२ वटा एकल अधिकार र अनुसुचि ९ मा उल्लेखित १५ वटा साझा अधिकारबाट निर्देशित छन तर संघिय सरकार र प्रदेस सरकारले बनाउनु पर्ने कानुन नबनाइ दिदा जनतालाई सेवा प्रबाहमा समस्या परेको कुरा सर्बबिबिदै छ ।
- नेपालको संबिधानको भाग २० मा मुलुकको शासन प्रणाली संघ, प्रदेस र स्थानियहरु बिच सहकारिता, सह-अस्तित्व र समन्वयका सिद्धान्तहरुका आधारमा जनअनुमोदित संयन्त्रबाट संचालन भैरहेको छ ।
- यस गाउँपालिकाको यस चालु आ.ब.मा हालसम्मको आय रु ४३ करोड ३९ लाख ७६ हजार एकाउन्न रुपैया र हालसम्मको खर्च रु ३३ करोड ९४ लाख ६४ हजार ३८५ रहेको छ ।
- जुन कुल आयको ७८.२२ प्रतिशत छ जुन गत आ.ब.को यस अवधिमा भएको कुल खर्च भन्दा २२ प्रतिशतले बढी हो
- चालु आ ब मा ठुला बिकासका आयोजनाहरुको भुक्तानी हुन बाकि रहेको र असार मसान्त सम्म भुक्तानि हुनेहुदा पुँजिगत खर्च उल्लेखनिय रुपमा बढ्ने सम्भावना देखिन्छ समग्रमा यस आ.ब.मा बिकासको गति र यस पालिकाको खर्च गर्ने क्षमता तथा संस्थागत सुशासनमा उल्लेख्य सुधार भएको देखिन्छ ।

चन्द्रकला शाही
उपाध्यक्ष

**यस गाउँपालिकामा चालु आ.व. २०७७/७८ मा भएका मुख्य मुख्य आयोजना र क्रियाकलापहरु प्रस्तुत गर्न चाहान्छु ।**

- यस आ.ब.मा गाउँपालिकाको आफ्नै प्रशासकिय भवन निर्माणको अन्तिम चरणमा रहेको र वडा न.३ र ५ वडाको भवन निर्माणाधिन अवस्थामा रहेको साथै वडा न.३ को वडा कार्यालय भवन निर्माणको अन्तिम चरणमा रहेको छ ।
- सिम्ता उज्यालो कार्यक्रमलाइ दुई क्षेत्रमा बिभाजन गरी तीब्र गतिमा काम भइरहेको ।
- यसै आ.ब.मा स्वास्थ्य पुर्वाधारमा उल्लेखनिय काम अनुसार एक स्थानिय तह एक अस्पताल कार्यक्रम अन्तर्गत १५ सैयाको अस्पताल स्थापनाको लागि टेन्डर भइ सम्झौता भएको साथै, आली र राकम स्वास्थ्य चौकी भवन टेन्डर भइ सम्झौता भइसकेको।
- खानेपानी तथा सरसफाइको क्षेत्रमा बहुचर्चित २ वटा ठुला खानेपानी योजनाहरुमा सिमा सालझारी काक्रेतरा र जामुनेबजार खानेपानी योजनाहरु सम्पन्न भएका छन , साथै
- शिक्षा तथा खानेपानि पुर्वाधारमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत बिद्यालय भवन एवम शौचालय यसै आ.ब.मा समापन हुने गरी निर्माणको चरणमा रहेकाछन ।
- कर्णाली प्रदेश सरकार र यस गाउँपालिकाको सहलगानीमा चालु आ.ब.मा ऋषि स्मृति चक्रपथ र ईन्द्र बि.सी.दुर्तमार्ग सडक स्तरोन्नती कार्य भएको ।

आगामी आ.व. २०७८/०७९ के लागी तपसिल बमोजिमका कार्यक्रम तथा योजनाहरु लाई विशेष प्राथमिकता दिएको छु ।

- यस गाउँपालिकाबाट बिनियोजन हुने बजेटको हिस्सामा शिक्षक, बिद्यालय कर्मचारी स्वास्थ्यकर्मि लगायत संघिय सरकारको हस्तान्तरित चालु खर्चको हिस्सा धेरै देखिएकोले चालु खर्च तर्फ:- रु ३८ करोड ५ लाख ३८ हजार १५३ बिनियोजन गरेको छु ।
- यस गाँउपालिकमा शिक्षा ,स्वास्थ्य, खानेपानी सडक पुर्वाधार लगायत बिकासका समग्र क्षेत्रमा खर्च हुने गरी पुजीँगत तर्फ रु १२ करोड ७५ लाख बिनियोजन हुने गरी ब्यवस्था मिलाएको छु ।
- सिम्ता गाउँपालिकालाई समग्र सडक सञ्जालसँग जोडने यस गाउँपालिकाको महत्वपुर्ण गौरवको योजना इन्द्र वि.सि. दुर्तमार्ग र ऋषि स्मृति चक्रपथ सडक योजनाहरुमा यस आ.ब.मा रु १/१ करोड बिनियोजन गरेको छु ।

चन्द्रकला शाही
उपाध्यक्ष

- यस गाउँपालिकामा आ.ब.२०७७/०७८ मा निर्माण हुन नसकी अधुरा रहने वडा कार्यलय, स्वास्थ्य भवन निर्माण तथा वडा न.२ वडा कार्यालयको स्थापनाका लागि समेत रु १ करोड बिनियोजन गरेको छ ।
- यस गाउँपालिकाको आम नागरिकको खानेपानी तथा सरसफाइको सहज र सरल पहुँच स्थापना तथा स्वस्थ खानेपानी पिउन पाउने आधारभुत आवश्यता परिपुर्तिका लागि युनिसेफ तथा स्याक नेपाल सँगको लागत साझेदारीमा <u>एक घर एक धारा</u> प्रवर्द्धन कार्यक्रममा रु १ करोड बिनियोजन गरेको छ ।
- यस गाँउपालिकाबाट संघिय तथा प्रदेश सरकारसँगको साझेदारीमा बिभिन्न योजना सञ्चालनका लागि रु १ करोड ८५ लाखको समपुरक कोषको लागि बजेट ब्यवस्था गरेको छ ।
- शिक्षा क्षेत्रको पुर्वाधार निर्माणमा यस गाउँपालिकाले संघिय सरकारको अनुदानबाट निर्माण सञ्चालन शुरु भएका तर समयमै काम सम्पन्न हुन नसकि बजेट अभाब भइ अधुरा रहेका शैक्षिक पुर्वाधार निर्माण गर्न रु ५० लाख बजेट बिनियोजन गरेको छ ।
- यस गाउँपालिका भित्रका आम नागरिकको आधारभुत स्वास्थ्यमा सहज र निशुल्क पहुँच स्थापित गर्न हाल रहेका सामुदायिक स्वास्थ्य केन्द्रहरुको स्तरोन्नी गरी सामुदायिक भवन मर्मत तथा ब्यवस्थापन गर्न रु १५ लाख बिनियोजन गरेको छ ।
- गाउँपालिकामा रहेका आम नागरिकको न्युनतम रोजगारीको सुनिश्चित गरी आवश्यकताको आधारमा योजनामा छनौट हुने कानुनी ब्यवस्था गरी अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन गरिनेछ उक्त कार्यक्रमको लागि रु २ करोड बजेट ब्यवस्था गरिएको छ ।
- सुनौलो हजार दिन कार्यक्रम अन्तर्गत उपाध्यक्ष कोशेली कार्यक्रम मार्फत हजार दिनका सुनौला आमा हरु यस कार्यक्रमबाट लाभान्वित भइरहेकाले यस आ.ब.मा पनि उक्त कार्यक्रम लाइ निरन्तरता दिएको छ ।

- **बिषयगत शाखा अन्तरगत प्रस्तावित बिकासका कार्यक्रमहरु**
    - कृषि बिकास शाखा रु ३५ लाख
    - पशुपंक्षि बिकास शाखा रु २५ लाख
    - शिक्षा शाखा रु१ करोड ६० लाख
    - स्वास्थ्य शाखा रु १ करोड ४८ लाख
    - न्यायिक समिति रु १० लाख
    - महिला बिकास शाखा रु १० लाख
    - आयुर्वेद शाखा रु ५ लाख

चन्द्रकला शाही
उपाध्यक्ष

- सहकारी शाखा रु ५ लाख

- बिपद ब्यबस्थापन (कोभिड-१९) कोषबाट यस गाउँपालिकाको नागरिकलाइ कोभिड को प्रकोप बाट सुरक्षित बनाउन कोभिड चेक जाँच तथा उपचार सेवा प्रवाह गर्न प्रकोप ब्यवस्थापन कोषमारु ४३ लाख ४१ हजार ९ सय १९ रुपैया बिनियोजन गरेको छु ।
- ठुला बिकासका योजनालाई गाउँपालिकाबाट बजेट बिनियोजन गरिने ब्यवस्था मिलाएको छु जस अनुसार स्थानिय पुर्वाधार निर्माणका लागि वडा स्तरबाट छनौट सम्बन्धीत वडाले सञ्चालन गर्ने वडागत योजनाका लागि रु १ करोड ३५ लाख बिनियोजन गरेको छु ।
- आगामी बजेट निर्माण गर्दा मैले आय तर्फ संघिय सरकार र कर्णाली प्रेदस सरकारबाट प्राप्त समानिकरण अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त राजस्व, शशर्त अनुदान, समपुरक अनुदान, बिशेस अनुदान, यस गाउपालिकाको आन्तरिक आय समेतलाइ ध्यानमा राखी कुल बार्षिक अनुमानित आय रु ५० करोड ८० लाख तिस हजार एक सय त्रिपन्न चालु रु ३८ करोड पाचँ लाख ३८ हजार एक सय त्रिपन्न र पूँजीगत तर्फ १२ करोड ७५ लाख हुनेछ।

**अब म आ.ब.२०७८/०७९ का लागि अनुमानित आयगत बिवरण पेश गर्न चाहन्छु ।**

| क्र.सं. | संकेत नं. | शिर्षक | **आ.ब.०७८/०७९ को अनुमान** | **कैफीयत** |
|---|---|---|---|---|
| **१** | | **आन्तरिक श्रोत** | २०५०००००.०० | २ करोड ५ लाख |
| **२** | | **राज्श्वबाँडफाँड बाट प्राप्त रकम संघ र प्रदेश समेत** | ८९९२४१५३.०० | ८ करोड ९९ लाख २४ हजार १५३ मात्र |
| | १३३११ | संघिय सरकार समानिकरणअनुदान | १०७३००००००.०० | १० करोड ७३ लाख |
| ३।०१।०२ | १३३१२ | संघिय सरकार शसर्त चालु अनुदान | २३१२००००००.०० | २३ करोड १२ लाख |
| ३।०१।०३ | १३३१३ | संघिय सरकार शसर्तपुँजीगत अनुदान | १००००००००.०० | १ करोड |
| ३।०१।०५ | १३३१७ | समपुरकपुँजीगत अनुदान | ७०००००००.०० | ७० लाख |
| ३।०२।०१ | १३३११ | प्रदेश सरकार समानिकरणअनुदान | ११३६६०००.०० | १ करोड १३ लाख ६६ हजार |
| ३।०२।०२ | १३३१३ | प्रदेश सरकार शसर्तपुँजीगत | १५७४००००.०० | १ करोड ५७ लाख |



चन्द्रकला शाही
उपाध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | अनुदान | | ४० हजार |
| ३।०२।०३ | १३३१५ | प्रदेश सरकार विशेष पुँजीगत अनुदान | ३५००००००.०० | ३५ लाख |
| ३।०२।०४ | १३३१७ | प्रदेश सरकार समपुरक पुँजीगत अनुदान | ११५००००००.०० | १ करोड १५ लाख |
| | | जम्मा आय | ५०८०३०१५३.०० | ५० करोड |

सभा अध्यक्ष ज्यू, सभाका सदस्य ज्यूहरु र अन्य सरेकारवालाहरु लाई अहिले सम्म धैर्यधारणा गरेर बसिदिनु भएकोमा र बजेट बक्तव्य निर्माण गर्ने क्रममा सहयोग गर्ने सम्पुर्ण कर्मचारीहरुमा हृदय देखी नै धन्यवाद दिन चहान्छु ।

धन्यवाद
चन्द्रकला शाही
उपाध्यक्ष